# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
# National Natural Resources and Fiscal Commission

प.स: ०७७/७८

च.नं./Ref: 20

मितिः २०७७/९/२४

श्री स्थानीय तहहरु (सबै)

विषयः कार्य सम्पादन मूल्याङ्कनका सूचक तथा प्रगति सम्बन्धमा।

नेपालको संविधान, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था समेतका आधारमा नेपाल सरकार तथा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको रकम यस आयोगले प्रत्येक वर्ष तय गरी नेपाल सरकार तथा सम्बन्धित प्रदेश सरकारलाई सिफारिस गर्दै आएको र सोही बमोजिम स्थानीय तहले अनुदान रकम प्राप्त गर्दै आएको विदितै छ। यसै सन्दर्भमा वित्तीय समानीकरण अनुदानको रकम निर्धारण र सिफारिस गर्ने क्रममा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (२) मा रहेको व्यवस्था बमोजिम सम्बन्धित स्थानीय तहको कार्यसम्पादनको मूल्याङ्कनलाई समेत आधार मानी यस आयोगले अनुदान सिफारिस गर्ने हुँदा यसै पत्रसाथ संलग्न मूल्याङ्कन सूचक अनुरूपको प्रगति अवस्था र सोको पुष्टयाँई हुने आधार प्रमाण समेत पत्र प्राप्त भएको मितिले १० दिन भित्र यस आयोगमा पेश गर्नुहुन निर्णयानुसार अनुरोध छ।

.............................

(लक्ष्मी कुमारी पन्त)

शाखा अधिकृत

सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२००५९२, फ्याक्सः +९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail: info@nnrfc.gov.np, Website: www.nnrfc.gov.np

आगामी आर्थिक वर्ष २०७८/७९ को लागि वित्तीय समानीकरण अनुदान सिफारिस प्रयोजनार्थ स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कनका सूचक तथा भार र देहाय बमोजिम रहेको छ। पत्र साथ संलगन फाराम (Excell Sheet) मा यस अनुसारको प्रगती अवस्था भरी प्रमाणित गरी आयोगमा पठाउनुहुन निर्णयानुसार अनुरोध छ।

| क्र सं | सूचक | भार |
|---|---|---|
| १ | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८को उप दफा (१) बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्त भित्र अर्थ मन्त्रालयमा पेश गरेको वा नगरेको। | १० |
| २ | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २१को उप दफा (३) बमोजिम स्थानीय तहले चालु आर्थिक वर्षको असार महिनाको १० गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमानित विवरण (बजेट) सम्बन्धित गाउँ वा नगर सभामा पेश गरेको वा नगरेको। | २५ |
| ३ | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २१ को उप दफा (४) बमोजिम आफूले उठाएको राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सहितको कुल राजस्व रकमबाट प्रशासनिक खर्च पूरा गरी बाँकी रकम विकास निर्माणका कार्यमा उपयोग गरेको अवस्था भएको वा नभएको। | १० |
| ४ | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा ३० बमोजिम स्थानीय तहको पछिल्लो आर्थिक वर्षको आय-व्यय विवरणको अन्तिम लेखा परीक्षण भएको वा नभएको। | २५ |
| ५ | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा ३० को उप दफा (३) बमोजिम स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत् सम्वन्धी विवरण कात्तिक मसान्त भित्रमा सार्वजनिक गरेको वा नगरेको। | १० |
| ६ | स्थानीय तहको गत आर्थिक वर्षको खर्चको प्रगती प्रतिशत। | १० |
| ७ | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा ३२ को उप दफा (३) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ को उप दफा (५) बमोजिम स्थानीय तहले आफूले गरेको आय र व्ययको चौमासिक शीर्षकगत विवरण तोकिएको समय भित्र संघीय अर्थ मन्त्रालयमा, प्रदेशको आर्थिक मामीला तथा योजना मन्त्रालयमा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पेश गरेको वा नगरेको। | १० |
| | जम्मा | १०० |

## स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी प्रगति विवरण

स्थानीय तहको नामः –................................................................ जिल्लाः –............................................ ९

| क्र.सं. | सूचक | अवस्था | प्रतिवेदन | कैफियत |
|---|---|---|---|---|
| १ | आगामी आ.व. २०७८/७९ को लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण अर्थ | पेश गरे/नगरेको | | |
| | | पेश गरेको भए मिति | | |
| २ | चालु आ.व.२०७७/७८ को राजस्व र व्ययको अनुमानित विवरण (बजेट) गाउँ/ नगर सभामा पेश गरेको | सभामा पेश गरेको मिति | | |
| | | सभाबाट स्वीकृत भएको मिति | | |
| ३ | आ.व.२०७६/७७ मा प्राप्त कूल राजस्व (आन्तरिक राजस्व तथा राजस्व बाँडफाँटबाट प्राप्त रकम) बाट उक्त आ.व. को प्रशासनिक खर्च पूरा हुन सके-नसकेको अवस्था | कूल राजस्व आय | रू. ....................... | |
| | | कूल प्रशासनिक खर्च | रू. ....................... | |
| | | प्रशासनिक खर्च/कूल राजस्व अनुपात | ..........................% | |
| ४ | आ.व.२०७५/७६ सम्मको आय-व्यय विवरणको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट सम्पन्न भए-नभएको | भएको/नभएको | ................................ | |
| | | भएको भए सम्पन्न मिति | २०......../......./. ...... | |
| ५ | आ.व.२०७६/७७ को बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत् सम्बन्धी विवरण सार्वजनिक गरेको/नगरेको | गरेको/नगरेको | ................................ | |
| | | गरेको भए मिति | २०......../......./. ...... | |
| ६ | आ.व.२०७६/७७ को खर्चको प्रगति प्रतिशत | कूल विनियोजन | रू. ....................... | |
| | | कूल खर्च | रू. ....................... | |
| | | खर्च प्रगति | ..........................% | |
| ७ | आर्थिक वर्ष २०७७/७८ को आय र व्ययको प्रथम चौमासिक शीर्षकगत विवरण सङ्घीय अर्थ मन्त्रालय, प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालय, | गरेको/नगरेको | ................................ | |
| | | गरेको भए मिति | | |

उल्लिखित प्रगति अवस्थाको पुष्टयाईं गर्ने थप संलग्न कागज प्रमाणहरू:

१
२
३

| तयार गर्ने: | रूजु गर्ने | प्रमाणित गर्ने: |
|---|---|---|
| नाम: | नाम: | नाम: |
| पद: | पद: | पद: |
| मिति: | मिति: | मिति: |

## प्रदेश सरकारको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी प्रगति विवरण

प्रदेको नामः ..................................

| क्र.सं. | सूचक | अवस्था | प्रतिवेदन | कैफियत |
|---|---|---|---|---|
| १ | प्रदेशवाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वितरण सम्बन्धी कानून तर्जुमा गरेको वा नगरेको। | कानून तर्जुमा गरे/नगरेको | ........................ ...... | |
| | | कानून तर्जुमा गरेको भए मिति | २०......../......./. ...... | |
| २ | सशर्त अनुदान वितरण सम्बन्धी प्रदेश कानून तर्जुमा गरेको वा नगरेको। | कानून तर्जुमा गरे/नगरेको | ........................ ...... | |
| | | कानून तर्जुमा गरेको भए मिति | २०......../......./. ...... | |
| ३ | आगामी आ.व. २०७८/७९ को लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण अर्थ मन्त्रालयमा पेश गरेको/नगरेको | पेश गरे/नगरेको | ........................ ...... | |
| | | पेश गरेको भए मिति | २०......../......./. ...... | |
| ४ | आ.व.२०७६/७७ मा प्राप्त कूल राजस्व (आन्तरिक राजस्व तथा राजस्व बाँडफाँटबाट प्राप्त रकम) बाट उक्त आ.व. को प्रशासनिक खर्च पूरा हुन सके-नसकेको अवस्था | कूल राजस्व आय | रू. ...................... | |
| | | कूल प्रशासनिक खर्च | रू. ...................... | |
| | | प्रशासनिक खर्च/कूल राजस्व अनुपात | ........................% | |
| ५ | आ.व.२०७६/७७ को बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत् सम्बन्धी विवरण सार्वजनिक गरेको/नगरेको | गरेको/नगरेको | ........................ ...... | |
| | | गरेको भए मिति | २०......../......./. ...... | |
| ६ | आर्थिक वर्ष २०७७/७८ को आय र व्ययको चौमासिक शीर्षकगत विवरण सङ्घीय अर्थ मन्त्रालयमा पेश गरेको वा नगरेको | गरेको/नगरेको | ........................ ...... | |
| | | गरेको भए मिति | २०......../......./. ...... | |
| ७ | आ.व.२०७६/७७ को खर्चको प्रगति प्रतिशत | कूल विनियोजन | रू. ...................... | |
| | | कूल खर्च | रू. ...................... | |
| | | खर्च प्रगति | ........................% | |

उल्लिखित प्रगति अवस्थाको पुष्ट्याईं गर्ने थप संलग्न कागज प्रमाणहरू:

१

२

३

| तयार गर्नेः | रूजु गर्ने | प्रमाणित गर्नेः |
|---|---|---|
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |